बेदकोट नगरपालिकाको
राजपत्र

७ नं. प्रदेश, कञ्चनपुर, २०७४ सालचैत्र१गते खण्ड १, संख्या:१८

भाग-२

**उपभोक्ता समितिको गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि२०७४**

# उपभोक्ता समितिको गठन, सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४

**(नगर कार्यपालिका बैठकबाट पारित मिति २०७४।११।३० गते)**

संघीय सरकार , प्रदेश सरकार बाट नगरपालिकालाई प्राप्त सबै प्रकारका अनुदान , राजस्व बाँडफाँड र अन्य अनुदान, नगरपालिकाको आन्तरिक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई लक्षित वर्ग , समाजिक तथा आर्थिक दृष्टिकोणबाट पिछिडिएका वर्ग र समुदाय एवम क्षेत्र समेतलाई प्राथमिकतामा राखि उपभोक्ता समिति मार्फत उपलब्ध श्रोत र साधनको अधिकतम परिचालनगर्दै सन्तुलित र समान तवरबाट विकास निर्माणका योजनाहरु सञ्चालन गर्न र सञ्चालित योजनाहरु लाई मितव्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी, न्यायोचित, दिगो, गुणस्तरयुक्त र प्रभावकारी रुपमा कार्यान्वयन गराउदै दिगो विकासको अवधारणालाई संस्थागत गर्ने तथा उपभोक्ता समितिको गठन, सञ्चालन तथा नियमन प्रकृयालाई व्यवस्थित बनाउनका लागि स्थानीय सरकार सञचालन ऐन २०७४ को दफा १२ को उपदफा २ (क) २ र २ (घ) १ मा भएको व्यवस्था वमोजिम "

बेदकोट नगरपालिका

**उपभोक्ता समितिको गठन , सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४** " तर्जुमा गरी लागु गरिएको छ।

**भाग - १**

## उपभोक्ता समितिको गठन

१) प्रत्येक वडा कार्यालयले उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारहरुको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२) उपभोक्ता समितिका सदस्यहरुमा कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्नेछ साथै समितिको अध्यक्ष , सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ । लाभान्वित समुहमा दलित , आदिवासी/जनजाती, पिछडिएका समुदाय तथा वर्ग , मधेसी, मुस्लिम आदिको उपस्थिती रहेको अवस्थामा तिनिहरुको समेत प्रतिनिधित्व हुनुपर्नेछ। उपभोक्ता समिति गठन गर्दा समावेशी हुने गरी गर्नु पर्नेछ ।

३) स्थानीय तहमा निर्वाचित बहालवाला पदाधिकारी , बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, पेश्की वा बेरुजु फर्छ्यौट नगरेका व्यक्तिहरु , नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तिन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन ।

४) एकै समयमा एक जना व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एक भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन।

५) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाका पदाधिकारी / कर्मचारी / सामाजिक परिचालकको रोहवरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धि प्रतिवदेन वडा कार्यालय मार्फत नगरपालिकामा पेश गर्नु पर्छ ।

५ उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार तोकिएका कर्मचारी वा सामाजिक परिचालकले गरि सोको जानकारी वडा कार्यालय मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ ।

७) प्रचलित ऐन नियम , प्रक्रिया र मापदण्ड बिपरित उपभोक्ता/अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाईएमा यसरी गठन वा सिफारिस गर्ने पदाधिकारी कर्मचारी, सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कार्वाही हुनेछ ।

८) नगरपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढिमा पन्ध्र दिन भित्र उपभोकता समिति गठन गरि सम्झौताका लागि नगरपालिकामा पठाउनु

पर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा नगरपालिकाले सहजिकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य वैकल्पिक माध्यमबाट योजनासंचालन गर्न सकिनेछ।

**भाग - २**

## वडा कार्यालयको काम, कर्तव्य र अधिकार

१) वडा कार्यालयले उपभोक्ता समिति मार्फत कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रम वा आयोजनाका लागि सम्बन्धित उपभोक्ता समितिले लागत अनुमानको कम्तिमा २० % प्रतिशत रकम नगदवाश्रमदान नगरपालिकाको खातामा दाखिला गरि सोको भौचर सहित उपभोक्ता समिति लाई योजना समझौताका लागि सिफारिस गरि पठाउनु पर्नेछ । **नगद लागत सहभागिताको व्यवस्था नभएको कुनै पनि आयोजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत सञ्चालन गर्न पाईने छैन ।**

२) यस कार्यविधि वमोजिम कार्यक्रम तथा आयोजना स्वीकृत नभई सम्झौता हुनु पूर्व कार्य सम्पन्न गरिएका भनि भुक्तानी माग गरिएका कार्यक्रम तथा आयोजनाहरुको वा आर्थिक वर्षको अन्तमा काम सम्पन्न भैसकेको देखाइ पछि काम गर्नेगरि कुनै पनि हालतमा उपभोक्ता समिति लाई रकम भुक्तानि दिन वडा कार्यालयले सिफारिस दिन पाईने छैन ।

३) वडा कार्यालयले प्रत्येक आर्थिक वर्ष भित्र आ-आफ्नो वडामा गठन भएका उपभोक्ता समितिहरुको अनुसूची १ वमोजिम अभिलेखीकरण गरि विस्तृत लागत विवरण तयार गर्नु पर्नेछ र सो विवरण नगरपालिकामा समेत पठाउनु पर्नेछ ।

४) वडा कार्यालयले उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लागायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राखनुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रकृया, पारदर्शिता, अनुगमन सम्बन्धि व्यवस्थाकावारेमा कार्यक्रम तथा आयोजना सम्झौता हुनु पूर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई नगरपालिका सँग समन्वय गरि अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

५) वडा कार्यालयले उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको स्थलगत अनुगमन गरि अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेछ।

६) वडा कार्यालयले उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, निकासा भएको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरि सम्बन्धित कार्यस्थलमा सार्वजनिक परिक्षण गराउनु पर्नेछ साथै सो को प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

७) वडा कार्यालयले उपभोक्ता समितिहरु मध्ये अनुकरणीय कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कारका लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

**भाग - ३**

## उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार

१) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममुलक प्रविधिमा आधारित रहि स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ र <u>बुलडोजर, एक्साभेटर, रोलर लगायतकाठुला मेसिनरी औजारको प्रयोग गर्न पाईनेछैन ।</u> (**गर्नु पर्ने अवस्थामालागतअनुमानमा नै सो कुरा खुलेको हुनुपर्नेछ।**)

२) श्रममुलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भएमा गरिने कामको नर्म्स तथा लागत अनुमान स्वीकृत गरि मेसिनरी उपकरणको प्रयोग गर्न सकिनेछ । तर श्रम मुलक तवरबाट कार्य गराउने गरि लागत अनुमान तयार गरि मेसिनरी उपकरणको प्रयोगद्‌दरा कार्य गराईएको पाईएमा तत्काले आवश्यक कार्वाही गरि भुक्तानी रकम असुल उपर गर्ने र सो को विवरण सार्वजनिक गर्नुपर्नेछ ।

३) उपभोक्ता समितिले सञ्चालन गर्नेगरि सम्झौता भएको कार्यक्रम/आयोजना उपभोक्ता समिति स्वंयले कार्यान्वयन नगरी कुनै निर्माण व्यवसायी वा सब -कन्ट्र्याकबाट कार्यान्यवन गराउन पाईनेछैन । यसरी दिईएको पाईएमा त्यस्ता समिति संगको सम्झौता रद्द गरि वैकल्पिक माध्यमबाटयोजनाकार्यान्वयन गराउन सकिनेछ ।

४) उपभोक्ता समितिको गठन र त्यसको वैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

५) नगरपालिकाबाट कुनैपनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय /संघ-संस्थाको आर्थिक कारोवारको बारेमा जाचबुझ वा निरिक्षण गर्न सकिनेछ ।

६) आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वितिय प्रगति सम्झौतामा तोकिए बमोजिमको समयमा नगरपालिकामा पठाउनुपर्नेछ ।

७) उपभोक्ता समितिको खाता अध्यक्ष , सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र नगरपालिकामा अभिलेख राख्नुपर्नेछ ।

८) उपभोक्ता समितिले आर्थिक कारोबार गर्दा वा भुक्तानी दिंदा बैक/ वित्तीय संस्था मार्फत गर्नुपर्नेछ ।

९) उपभोक्ता समितिले सडक निर्माणको लागि जग्गा उपलब्ध गराउने, अधिकतम जनसहभागिता जुटाउने , सडक संरक्षणको लागि वातावरणमैत्री जैविक संरचनाको व्यवस्थापन गर्ने तथा निर्माण पश्चात सडक मर्मत सम्भारको समेत जिम्मेवारी वहन गर्नुपर्नेछ ।

१०) उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्नेछ ।

११) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समितिको निर्णयको आधारमा गर्ने , आयोजनाको निर्माण कार्यनगरपालिकाकोकार्यालयबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिकको सल्लाह / निर्देशनको अधिनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय

श्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

१२) उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्ने , वैठकबाट भएकोनिर्णयनगरपालिकालाई जानकारी गराउने , आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने , आफुले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित म्यादथप माग गर्ने,कार्यक्रम कार्यान्वयन संग सम्बन्धित सम्पूर्ण खर्चहरुको बिल भर्पाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण नगरपालिकामा उपलब्ध गराउने , कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समुहको बैठक बोलाई वैठकमा राखी छलफल गराउने , यस्तो वैठकको उपस्थिति र निर्णयको प्रतिलिपि नगरपालिकामा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

१३) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ता समिति भंग गर्न माग गरेमा नगरपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुन : गठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्नेगरिकार्यालयलाई आदेश दिनसक्नेछ ।

१४) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य , कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन नगरपालिकामा प्रस्तुत गर्नुपर्नेछ ।

१५) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फर्छ्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्यांकन , सम्झौता अनुसारको नाप जांच र मूल्य खुलेको रनिङविल , उपभोक्ता समितिको वैठकको प्रतिलिपि समेत राखी नगरपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फर्छ्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ । उपभोक्ता समिति स्वयमले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

१६) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित वडा समितिप्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

**भाग - ४**

## अनुगमन तथा सहजिकरण समितिको गठन तथा काम, कर्तव्य

१) उपभोक्ता समिति गठन गर्दा आयोजनाको कार्यान्वयनमा सहजिकरण एवं अनुगमन गर्नप्रयोजनकालागि सम्बन्धित

आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तीमा दुई जना महिला सहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्ने छ र अन्तिम भुक्तानी एवं फरफारक गर्नु पुर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ ।

२) उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

३) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा नगरपालिकासंग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र वडालाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

४) उपभोक्ता समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिस गर्नु पर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको , भुक्तानी र फरफारकको लागि सिफारिस नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरु अगाडि वढाउन बाधा परेको मानिने छैन ।

५) सम्बन्धित वडाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ ।

६) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र नगरपालिकालाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा , सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्बन्धित उपभोक्ता समिति र नगरपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले नगरपालिका संग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित नगरपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

## भाग - ५

## विविध

१) उपभोक्ता समितिसंग सम्झौता गर्नु अगाडि नगरपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून , कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

२) नगरपालिका र उपभोक्ता समिति बीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत , कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम , सम्बन्धित उपभोक्ताद्धारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने बिषय आदि उल्लेख गर्नुपर्नेछ ।

३) नगरपालिकाले उपभोक्ता समितिलाई लगत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने , जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । नगरपालिकाबाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

४) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास समिति निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित वडा र नगरपालिकाको हुनेछ ।

५) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि सम्बन्धित वडाले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ ।यसरी आयोजनाको हस्तान्तरण भएमा नगरपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी नगरपालिका बाट स्वीकृत गरी लागु गर्न सकिनेछ ।

६) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने तालिम , गोष्ठि, सेमिनार, अभिमुखिकरण कार्यक्रम , कार्यशाला जस्ता कार्यक्रमहरुको भुक्तानी गर्दा उक्त कार्यक्रम सञ्चालन गर्ने विषयमा भएको निर्णय , कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि , कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि , कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरु सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य विल भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

७) उपभोक्ता समितिले आयोजनाहरु संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी , उपभोक्ता समिति र अनुगमन तथा सहजिकरण समितिको हुनेछ । प्राकृतिक प्रकोप बाहेक अन्य तबरबाट आयोजना सम्पन्न भएको दुई बर्षभित्र कुनै त्रुटी देखिएमा सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीले आफ्नै खर्चमा मर्मत सम्भार गर्नुपर्नेछ ।

८) यो कार्यविधिलागुहुनु भन्दा अघि उपभोक्ता समिति गठन,संचालन, व्यवस्थापनलगायत भैसकेको कामकारवाहिहरु यसै कार्यविधिबमोजिमभए गरेको मानिनेछ।

आज्ञाले
धर्मराजजोशी
प्रमुखप्रशासकीयअधिकृत

बेदकोट नगरपालिका